हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# झनझने, सिन्धुली

बागमती प्रदेश, नेपाल

सू.नं.: २२

## ईन्टरनेट जडानका लागि सिलवन्दी दरभाउपत्र आह्वानको सूचना ।

**दोश्रो पटक सूचना प्रकाशित मिति २०७६।१०।२२**

**आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रम अनुसार हरिहरपुरगढी गाउँ कार्यपालिकाको कार्यालय, विभिन्न वडा कार्यालयहरु र स्वास्थ्य सस्थाहरुमा ईन्टरनेट जडान गर्नु पर्ने भएकोले ईन्टरनेट जडानका आवश्यक सामाग्री खरिद, ढुवानी, Installation सम्वन्धी कार्य गर्नको लागि सिलवन्दी दरभाउपत्रको माध्यामवाट खरिद गर्नुपर्ने भएकोले सम्वन्धित इजाजत प्राप्त इच्छुक फर्म, सप्लायर्स तथा कम्पनीवाट निम्नलिखित शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।**

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र फर्म तथा कम्पनीले चालु आ.व.२०७६/०७७ मा नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र हरिहरपुरगढी गाउँ कार्यपालिकाको कार्यालय, झनझने, सिन्धुलीमा रु.१०००।- तिरेको (फिर्ता नहुने गरी) नगदी रसिद राखि लिखित निवेदनका साथ सम्वन्धित फर्म, सप्लायर्स तथा कम्पनी वा निजको प्रतिनिधिले दरभाउ पत्र यस कार्यालयवाट खरिद गर्नुपर्नेछ ।

२. दरभाउ पत्र खरिद गर्दा कार्यालय प्रमुखले दस्तखत र कार्यालयको छाँप लागेको दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले १५ औ दिन सम्ममा कार्यालय समयभित्र दरभाउपत्र खरिद गरि १६ औ दिनको १२:०० बजेभित्र पेश गर्नु पर्नेछ । उक्त दरभाउपत्र १६ औ दिनको १:०० बजे खोलिनेछ । दरभाउपत्र दाताहरु वा निजहरुको अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । खरिद गरिएको दरभाउ पत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्टसँग भरी सम्वन्धित दरभाउदाताले प्रत्येक पानामा सही छाँप गरी सिलवन्दी गरी खाम वाहिर फर्मको नाम र सूचना नं प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

३. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

४. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. कुनै शर्त राखि पेश गरिएको सिलबन्दी दरभाउपत्र स्विकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

६. सिलवन्दी दरभाउ पत्र साथ यस कार्यालयको नाममा जमानत वापत उल्लेख भए अनुसारको रकम सिटिजन्स वैंक ईन्टरनेशनल लि. झनझने, सिन्धुली स्थित धरौटी खाता न. ०७३०१०००००२३२०१ मा नगदै जम्मा गरेको सक्कल

०७६।१०।२१

देवेन्द्र सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

वैंक भौचर वा सिलवन्दी दर्ता गर्ने अन्तिम मितिवाट ७५ दिन मान्य अवधि भएको नेपाल सरकारवाट मान्यता प्राप्त वैंकवाट यस कार्यालयको नाममा जारी भएको वैंक जमानत अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

७. सूचना शर्त विपरित भएको, रीत नपुगेको र म्याद नाघी पेश हुन आएको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

८. थप जानकारीको लागि फोन नं. ९८५४०४१८८२ मा सर्म्पक राख्न सक्नु हुनेछ ।

९. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१०. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभाउ पत्र अर्को फर्म तथा कम्पनीको नाममा दाखिला गर्न पाईने छैन ।

११. यस सूचनामा उल्लेख भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

| ठेक्का नं. | कामको विवरण | मू.अ. कर समेत ल. ई. रकम रु. | जमानत वापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ०९/०७६/०७७ | ईन्टरनेट जडानका लागि आवश्यक सामाग्री खरिद, ढुवानी, Installation सम्वन्धी कार्य । | १७,९९,८०७५० | ५३,९९५।- | |

२०७६।१०।२९

देवेन्द्र सापकोटा
प्रमुख प्रशासकीय अधिकृत